**सभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस खाँडादेवी गाउँपालिकाको गाउँसभा बैठकमा आगामी आर्थिक वर्ष २०७६/७७ को नीती कार्यक्रम तथा वजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण  अवसरमा राष्ट्रलाई संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै यस खाँडादेवी गाउँपालिकालाई सुन्दर, सभ्य र सम्वृद्ध वनाउन प्रयासरत नागरिक, गाउँसभा तथा कार्यपालिकाका सदस्य, वडाअध्यक्ष, गाउँपालिकाको नेतृत्व, कर्मचारी तथा उपस्थित महानुभावहरुमा सम्मान प्रकट गर्न चाहन्छु ।

१. स्थानीय तहको निर्वाचन पश्चात् हामीले दुई आर्थिक वर्ष पूरा गर्दैछौं । संघीय प्रणाली अन्तर्गत यो अनुभव हाम्रा लागि संघर्षपूर्ण रहयो । नवीन संरचना, न्यून जनशक्ति, नयाँ कानून र कार्यविधिका कारण जन अपेक्षा बमोजिम कार्य सम्पादन गर्न चुनौतीहरु समेत छन् । तथापि स्थिर राजनैतिक अवस्था, केन्द्र, प्रदेश र पालिकाको आन्तरिक स्रोत साधनको उत्साहपूर्ण व्यवस्थाले यस खाँडादेवी गाउँपालिकाको आर्थिक, सामाजिक विकासको गति तिव्र हुने कुरामा दुई मत छैन । स्थानीय तहको अनुभवको यो छोटो अवधिमा यस गाउँसपालिकाको संस्थागत विकास, पूर्वधार निर्माण, वडा सडक संजाल, सूचना प्रविधि तथा व्यवस्थापकीय पक्षको आधारशिला तयार भएको छ । यसै गरी शिक्षा, स्वस्थ्य, कृषि, खानेपानी, पर्यटन, क्षमता विकास, योजना तर्जुमा, खेलकूद, विद्युतिकरणको क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन् जसले हाम्रो कार्य सम्पादन प्रदेश र मुलुक भर उत्कृष्ट भएकोमा अझ अघि बढ्ने प्रेरणा मिलेको छ ।

अव म चालु आर्थिक वर्ष ०७५/७६को ११ महिना अवधिमा सम्पादन भएका योजना तथा कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगति बारे संक्षिप्त जानकारी गराउन चाहन्छु ।

२. गाउँपालिकाको आर्थिक सामाजिक विकासलाई समयबद्ध, उद्धेश्यमूलक, योजानबद्ध रुपले अघि बढाउन अल्पकालिन, मध्यकालिन र दिर्घकालिन आवधिक योजना तयार भएको छ । गाउँपालिका सडक गुरुयोजना तयार भएको, वडाका मुख्य सडकहरुको स्तरोन्नतीका साथै कालोपत्रे गर्ने प्रयोजनको लागि डि.पि.आर. तयार भएको र खाँडादेवी पर्यटकीय विकासको लागि गुरुयोजना तयार भएका छन् । यसले योजनवद्ध विकास गर्ने हाम्रो प्रयासमा आधार तयार भएको छ ।

३. यस अवधिमा सडक तर्फ ९३ वटा योजनामा ८२ वटा सम्पन्न भई लक्ष्यको ८८ प्रतिशत प्रगति भएको छ । पालिका अन्तर्गत १ देखि ९ वटै वडाहरुमा १२८ कि.मी. सडक स्तरोन्नती ३३ कि.मी. नयाँ सडक तयार गरिएको छ । वडा कार्यालय सुधार, स्वास्थ्य संस्था निर्माण तथा सुधार, पालिकाका २ (दुई) वटा भवन निर्माण भै संचालनमा आएका छन् । खानेपानी तर्फ जम्मा ४० वटा रहेकोमा २१ वटा योजना सम्पन्न भई लक्षको ५३ प्रतिशत प्रगति भएको छ । यसै गरी सिँचाई तर्फ ४६ वटा योजना रहेकोमा ३० वटा सम्पन्न भई ६६ प्रतिशत प्रगति भएको छ । भने पर्यटन तर्फ २१ वटा योजना मध्ये १३ वटा योजना सम्पन्न भई लक्षको ६२ प्रतिशत प्रगति भएको छ । अधिकांश योजनाहरु सम्पन्न भईसकेका र केही योजनाहरु भुक्तानी हुन बाँकी रहेकाले भौतिक प्रगति ८० प्रतिशत भन्दा माथि रहेको जानकारी गराउन चाहन्छु ।

४. वडातर्फ संचालन भएका सडक, खानेपानी, स्वस्थ्य, शिक्षा, विद्युत, कृषि लगायत अधिकांश योजनाहरुको उल्लेखनीय प्रगति भएको जानकारी गराउन चाहन्छु ।

५. थामी र माझी जातिका वालवालिकाहरुको शैक्षिक उन्नयनको लागि प्रोत्साहनका कार्यक्रम सम्पन्न भएको छ । आ.व. ०७५/७६ को अधिकांस कार्यक्रम सम्पन्न भएका तथा विद्यालय अनुदानको निर्णय सम्पादन भएको छ । शिक्षा तर्फ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाहरुको सहभागितामा २५ बुँदे खाँडादेवी शैक्षिक

घोषणापत्र जारी गरिएको छ । वालकक्षालाई ३ चरण Nursery, LKG, , UKG मा विभाजन गरी Nursery देखि कक्षा १ सम्म अंग्रेजी माध्यमका पाठ्यपुस्तक उपलब्ध गराइएको छ । पालिकास्तरीय उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावकलाई सम्मान गरिएको छ । यसै गरी एकरुपता कायम गर्न विद्यार्थी पोषाक निर्धारण गरी लागु गरिएको छ । वडा स्तरीय शिक्षा समिति गठन गरिएको छ । साथै अगुवा स्रोत विद्यालय तोकी अनुगमन, समन्वय, सुपरिवेक्षण र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने पहल गरिएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । विद्यालय समायोजन तथा दरवन्दी मिलान गरिएको छ ।

६. स्वास्थ्य तर्फ संचालित योजना मध्ये ६७ वटा टोलटोलमा जेष्ठ नागरिक स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भएका छन् । जसबाट २९७० जनाले सेवा प्राप्त गरेका छन् । यसै गरी वृहत् स्वास्थ्य शिविर १ संचालन गरी ४२८ जनाले सेवा प्राप्त गरेका छन् । वर्थिङ सेन्टर सुधारको लागि औषधि संचय गर्ने फ्रिज वितरण गरिएको छ । मानसिक स्वास्थ्य शिविरमा १५० जनाले सेवा प्राप्त गरेका छन् । परिवार नियोजन, सुत्केरीलाई प्रोत्सहान, प्राथमिक उपचार, स्यानेटरी प्याड वितरण, ल्याव र फार्मेसी स्थापना गर्ने कार्य सम्पन्न भएको छ ।

७. कृषि तर्फ २५०० कृषकलाई तरकारी, धान, मकै, केराउ, गहुँको उन्नत बिउ वितरण गरिएको, ८४ जनालाई प्लाष्टिक पोखरी प्रदान गरिएको, ४५० जनालाई स्थलगत घुम्ती तालिम दिइको २९ जनालाई युवा स्वरोजगार कार्यक्रम संचालन गरिएको छ । आकाशे पानीको संकलनको लागि सुख्खा क्षेत्रमा टयाङ्की निर्मााण गएिको, घर बगैंचा कार्यक्रम र आकस्मिक वाली संरक्षण कार्यक्रम संचालन भएका छन् ।

८. पशुपन्छी विकास तर्फ पशु स्वास्थ्य र रेविज रोगको नियन्त्रण शिविर संचालन गरिएको, अण्डा, मासु आत्मनिर्भर कार्यक्रम र बाख्रा, वंगुर अनुदान कार्यक्रम सम्पन्न भएका छन् ।

९. सहकारी तर्फ प्रत्येक वडामा ९ वटा महिला वचत तथा ऋण सहकारी संस्थाको गठन भई संचालनको चरणमा रहेका छन् । महिलाको क्षमता विकासका लागि उद्घोषण, लेखापालन, सिप विकास तालिमहरु संचालन भएका छन् भने २७० जना महिलालाई व्यवसाय स्थापना गर्न अनुदान वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

१०. पालिकाले न्यायिक समिति, उपभोक्ता समिति, योजना तर्जुमा, शैक्षिक गुणस्तर सुधार लगायत विभिन्न क्षेत्रको तालिमहरु संचालन गरी जनप्रतिनिधि, कर्मचारी शिक्षक उपभोक्तहरुको क्षमता विकासको कार्य सम्पन्न गरेको छ ।

११. प्रदेश सरकारबाट प्राप्त अनुदानबाट संचालित योजनाद्धारा वडा नं. १,३,४ मा सडक स्तरोन्नती भएको, खेलकूद मैदान तयार भएको, सिँचाई र खानेपानी आयोजना निर्माण भएको साथै सित्खा खाँडादेवी केबलकारको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भई डि.पि.आर.तयार गर्न वजेट छुट्याइको साथै केवलकार निर्माणका लागि लगानीको पहल भईरहेको छ ।

१२. गाउँपालिकाले १२ वटा ऐन र १३ वटा नियमावली, मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गरेको छ । जसले कार्य सम्पादनलाई नियमसंगत ढंङ्गले अघि वढाउन सहज भएको छ । हरेक कार्य सम्पादन गर्दा कार्यपालिकाको निर्णय गाउँ सभाले अनुमोदन गर्ने परिपाटी बसालिएको छ । योजना कार्यक्रम सम्पन्न भए पश्चात् निश्चित प्रकृया पूरा गरी फछ्र्योट गर्ने कार्य सम्पादन भएका छन् । सशर्त, निशर्त अनुदान प्रचलित नर्म्स र मापदण्ड अनुसरण गरी सम्पादन गरिएको छ ।

१३. न्यायिक समिति तर्फ हाल सम्म ६७ वटा उजुरी निवेदन प्राप्त भएको जस मध्ये मेलमिलाप कर्ताबाट ५१ वटा फछ्र्यौट भई लक्ष्यको ७६ प्रतिशत जनताका गुनासा, पिरमर्का समाधान गरिएको छ । १६ वटा उजुरी न्याय सम्पादनको प्रकृयामा रहेका छन् । नागरिकलाई न्याय सम्बन्धी जानकारी हासिल गर्न जनचेतनामूलक सूचना बोर्ड

राखिएका छन् । विशिष्ट व्यक्तित्वलाई आमन्त्रण गरी न्यायिक समितिको क्षमता विकास तालिम सम्पन्न गरिएको छ ।

१४. भिरपानी बस दुर्घट्ना, कमेरे फाँट दुर्घट्ना, मुटु र मृगौला रोगी तथा विपदमा परेका पिडितलाई राहत स्वरुप आर्थिक सहायता प्रदान गरिएको छ । जिल्ला खेलकूद तथा शैलुङ महोत्सवमा यथा सम्भव सहयोग प्रदान गरिएको छ । गरीब घर परिवार परिचय पत्र, जेष्ठ नागरिक परिचयपत्र, स्वास्थ्य बिमा, पशु बिमा सञ्चालन भएको छ ।

**सभाका सभाध्यक्ष महोदय,**

अव म आ.व. ०७५/७६ को विगत ११ महिनामा भएको वित्तिय प्रगतिको जानकारी गराउन चाहन्छु ।

१५. आ.व. ०७५/७६ को ११ महिना अवधिमा संघ र प्रदेशबाट प्राप्त समानीकरणको जम्मा रकम १५,७०,५५,०००/- मध्ये यस अवधिमा ११,७२,१३,१२९/-खर्च भई लक्ष्यको ७५ प्रतिशत प्रगति भएको छ । शसर्त अनुदान तर्फ १९,५८,६३,०००/- मध्ये १३,७९,६२,२८९/-खर्च भई लक्ष्यको ७० प्रतिशत प्रगति भएको छ । यसै गरी राजश्व वाँडफाँड वापतको ६,८२,७४,०००/ मध्ये ३,३५,७८,५०७/- चालु खर्च र योजना तर्फ १,७०,००,०००/-भई लक्ष्यको ७४ प्रतिशत प्रगति भएको छ । राजश्व तर्फ गिट्टी, वालुवा, ढुङ्गाबाट पहिलो किस्ता वापतको रकम जम्मा १,५५,१०,०००/- प्राप्त भएको छ भने वडा तर्फ मालपोत, सेवाशुल्क, सिफारिस वापत जम्मा १५४३५१७.४० प्राप्त भएको छ भने पालिका तर्फ खानेपानी शुल्क, जे.सि.वि. शुल्क, दस्तुर जरिवाना गरी जम्मा ३,६८,०००/- रावश्व प्राप्त भएको छ । गिट्टी, वालुवा, ढुङ्गाबाट प्राप्त हुने आन्तरिक करको दोस्रो किस्ता निकट भविष्यमा प्राप्त हुनेछ । साथै संघ र प्रदेशबाट समपूरक कोषमा प्राप्त रकम ३,७७,००,०००/- चैत्रको अन्तिम साता प्राप्त हुँदा बोलपत्र आव्हान गरी योजना सम्पन्न गर्न समय अवधिले नपुग

भएकोले सो मध्ये केही रकम मात्र यस आ.व.मा खर्च हुन सक्ने अनुमान रहेको व्यहोरा सभामा जानकारी गराउन चाहन्छु ।

१६. उपर्युक्त वित्तिय तथा भौतिक प्रगति हासिल गर्न सफल भए पनि यस गाउँपालिकाको सेवा प्रवाह, विकास योजना संचालन गर्न देहायको चुनौतिहरु रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

**(क)** गाउँपालिकाको समग्र कार्यप्रगति सन्तोषजनक भएता पनि समायोजन पश्चात कर्मचारी पदपूर्ति नहुँदा पूर्ण रुपमा कार्य सम्पादन गर्न कठिनाई रहेको,

**(ख)** भौगोलिक तथा प्राविधिक कारण सबै वडाहरुमा सूचना प्रविधि तथा इन्टरनेटको पहुँच स्थापित गरी कम्प्यूटरको माध्यमबाट सेवा प्रवाह गर्न कठिनाई रहेको,

**(ग)** दक्षता पूर्ण तवरले प्राप्त स्रोत बाँडफाँड हुन नसक्दा सन्तुलित समतामूलक, र समष्टिगत योजना तयार गर्न चुनौती रहेको,

**(घ)** भौतिक संरचनाको पर्याप्त व्यवस्था नहुँदा सेवा प्रवाहमा कठिनाई भोग्नु परेको,

**(ङ)** सबै पक्ष र क्षेत्रमा शून्यबाट कार्य प्रारम्भ गर्दा अत्यधिक कार्य वोझ हुने गरेको,

**(च)** उपभोक्ता समितिमा सबैको, अर्थपूर्ण र सक्रिय सहभागिता कायम गर्न चुनौती रहेको,

(**छ)** सिक्ने र सिकाउने बुझ्ने र बुझाउने सिलसिला रहँदा केही अन्योलको स्थिती समेत रहेको,

**(ज)** विशेषज्ञता र अनुभवको कमीले खाँडादेवीको माटो सुहाउँदो कानूनहरु निर्माण गर्न चुनौती रहेको,

**(झ)** वसाईसराई, युवाको पलायन रशहर केन्द्रित प्रवृत्तिका कारण विकास निर्माण अघि बढाउन आवश्यक सकृय जनसंख्याको अभाव रहेको,

**(ञ)** नीजि तथा अन्य क्षेत्रबाट हुने लगानी र लागत सहभागिताको अवसर न्युन रहेको,

**(ट)** वस्ति विकास गरी वजार क्षेत्र निर्माण गर्न चुनौती रहेको,

**सभाका सभाध्यक्ष महोदय,**

अव म यस नीति कार्यक्रम तथा वजेटको प्राथमिकता र सिद्धान्तहरु बारे जानकारी गराउन चाहन्छु ।

१७. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, गाउँपालिकाको आवधिक योजना, संघ र प्रदेशको मार्गदर्शन अनुसार नीती कार्यक्रम तथा वजेटको प्राथमिकता र सिद्धान्तहरु तय गरिएका छन्-

(क) कृषि तथा पुशपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी,

(ख) पर्यटन,

(ग) आधारभूत तथा माध्यमिक शिक्षा,

(ख) आधारभूत स्वास्थ्य तथा सरसफाई,

(ग) खानेपानी व्यवस्थापन,

(घ) साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार,

(ङ) तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन,

(च) सामुदायिक भू-संरक्षण, पहिरो नियन्त्रण र व्यवस्थापन,

(छ) खेलकुद विकास,

(ज) यातायात व्यवस्थापन,

## १८.नीति कार्यक्रम तथा वजेटको कार्यक्षेत्र

### १.कृषि तथा पशुपन्छी

- कृषिलाई निर्वाहमुखीबाट व्यवसायीकरण, यान्त्रीकीकरणमा विविधिकरण गर्दै नमूना कृषि फार्म, हाईटेक प्रविधि, सहकारी, करार तथा सामुहिक खेती प्रणाली अवलम्वन गरिनेछ ।
- कृषिमा अर्गानिक वाली र तरकारी उत्पादन गर्ने कृषकलाई निश्चित रकम तोकी मल, विउ, सिंचाई र प्राविधिमा अनुदान दिइनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवालाई अर्गानिक, हाईटेक र नमूना कृषि फार्म स्थापना र संचालन गर्न  निश्चित लागत सहभागीतामा कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकको आवश्यकतालाई ध्यानमा राखी मागमा आधारित विउविजन, प्रविधि, परामर्श सेवा उपलब्ध गराइनेछ । कृषि सर्वेक्षण गरी आवश्यकताको पहिचान गरिनेछ ।
- अन्नवाली, फलफूल, तरकारीको भण्डारण तथा बजारिकरण गर्न निश्चित स्थानहरुमा कृषि भण्डार र कृषि हाट वजार स्थापना गरिनेछ ।
- कृषि तथा पशुपालनको क्षेत्रको निश्चित मापदण्ड वनाई पकेट क्षेत्र, जोन र सुपरजोन तोकी लागु गरिनेछ।
- दुध, माछा, मासु, अण्डा, कुखुरा र ताजा तरकारीमा आत्मानिर्भर हुने विशेष कार्यक्रम सञ्चालन गरिनेछन् ।
- किसानलाई सहुलियतपूर्ण ॠण र अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

- **एक घर एक फलफुल**को विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरी अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- एक वडामा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।
- किसानहरुलाई आवश्यक प्राविधिक परामर्श तत्काल उपलब्ध गराउन र कृषि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक प्राविधिक ज्ञान, सीप, प्राप्त गर्न प्राविधिक विशेषज्ञको व्यवस्था गरिनेछ ।
- विषादीको अधिक प्रयोगलाई निरुत्शाहित गर्न तथा अर्गानिक खेतीलाई प्रोत्साहन गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुणस्तरहीन कृषि जन्य वस्तुको वेचविखानमा नियन्त्रण गरिनेछ ।

## २. पर्यटन

- सित्खा-खाँडादेवी केबलकार निर्माणको डि.पि.आर.तयार भई प्रतिवेदन प्राप्त पश्चात् संघ, प्रदेश, नीजि, गैर सरकारी र सहकारी क्षेत्रको लगानी जुटाउने पहललाई तिव्रता दिइनेछ । यसको लागि सम्बन्धित पक्षहरुसँग लविङ गरिनेछ । केवलकार निर्माणको लागि गाउँपालिकाले यथासम्भव लगानीको प्रारम्भिक विउपूँजीको व्यवस्था मिलाउनेछ । खाँडादेवी केबुलकार प्रा.लि.लाई सशक्त रुपमा अघि बढाउन तथा लगानी मैत्री वातावरण निर्माण गर्न कुनै कसर बाँकी राखिने छैन ।
- गाउँपालिका भित्रका विभिन्न धार्मिक, सांस्कृतिक, मठ मन्दिर, गुम्बा, गुफा, ऐतिहासिक स्थल, सास्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धनका लागि एकिकृत धार्मिक पर्यटनको विकास गर्न सम्भाव्यता अध्ययन तथा पर्यटकीय एकिकृत गुरुयोजना तयार गरिनेछ ।

- थामी, माझी, हायु र धोवी जातिको भाषा, धर्म, भेषभूषा, चाड पर्व, जनजीवन झल्कने संग्राहलय निर्माण गरी पर्यटक आकर्षित गरिनेछ । यसबाट निश्चित शुल्क लिने व्यवस्था मिलाइनेछ ।
- खाँडादेवी मन्दिरको गुरुयोजना बमोजिम योजनाबद्ध र व्यवस्थित विकास अघि वढाइनेछ । गुरुयोजना अनुसार वस्ती तथा जग्गाको विकास, संरक्षण र व्यवस्थापन गरिनेछ ।
- लुभुघाट र वेणीघाट क्षेत्रमा जलयात्राको संभाव्यता अध्ययन गरी **जल यात्रा पर्यटन**को विकास गरिने र खेलकुदको आयोजना गरि खेल पर्यटनलाई आकर्षित गरिनेछ ।
- पर्यटन विकासमा निजी, गैर सरकारी, सहकारी क्षेत्रको लगानी आकर्षित गर्न लागत सहभागितालाई प्रोत्साहन गरिनेछ ।

## ३.शिक्षा

- संविधानको अधिकार सूची र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेकोले कानून बमोजिम बाहेक शिक्षा क्षेत्रमा अन्य निकायबाट हुने हस्तक्षेप निरुत्साहित गरिनेछ ।
- सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि पूर्वाधार विकास, पुनःसंरचना, गुणस्तरीय पाठ्यपुस्तक, शिक्षाको व्यवस्थापन, शिक्षण सामाग्री, प्रयोगशाला, खेलकूद मैदान, प्राविधिक तथा व्यवसायिक शिक्षा र एक विद्यालय एक खेलकूद शिक्षकको व्यवस्थाको लागि **खाँडादेवी शैक्षिक सुधार कोष** खडा गरिनेछ । यसका लागि आवश्यक कार्यविधि र मापदण्ड वनाई कोष सञ्चालन गरिनेछ ।
- खाँडादेवी शैक्षिक गन्तव्य निर्माणका निम्ति विक्रम संम्वत् २०७६ देखि २०८५ सम्म **शैक्षिक गुणस्तर सुधार दशक**को रुपमा अघि वढाइनेछ ।

- नेवार, तामाङ, थामी, माझी, हायु, धोवी, मगर र राई जातजातिका वालवालिकालाई मातृभाषामा पठनपाठन गर्ने व्यवस्था मिलाउन पाठ्यपुस्तक एवं पाठ्य सामाग्री तयार गर्न आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।
- थामी, हायु, धोवी, मगर, योगी, गिरी, राई र माझी जातिका वालवालिकालाई शैक्षिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।
- प्राविधिक शिक्षा हासिल गरेका विद्यार्थीलाई रोजगारीका लागि गाउँपालिकाले पहल गर्नेछ ।
- आर्थिक रुपमा विपन्न, अपांङ्गता भएका र दलित परिवार पहिचान गरी निःशुल्क उच्च शिक्षा प्रदान गरिनेछ ।
- विद्यार्थीको प्रतिभा पहिचान गरी पुरष्कृत गरिनेछ ।
- विद्यालयमा डिजिटल हाजिरीको व्यवस्था मिलाइनेछ ।
- कक्षा ८ को वोर्ड परीक्षा, SEE र माध्यमिक तह तथा अन्य तहको परीक्षालाई व्यवस्थित, मर्यादित निस्ष्पक्ष वनाउन मापदण्ड तयार गरी लागू गरिनेछ ।
- स्थानीय शिक्षा ऐनमा समसामयिक परिमार्जन गर्दै लगिनेछ । शिक्षामा जनप्रतिनिधि, शिक्षक महासंघ, अभिभावक, विद्यार्थी, शिक्षाविद, संस्थागत विद्यालयको सहभागीताद्धारा गुणस्तर सुधारको प्रयास गरिनेछ ।
- वडा अन्तर्गत अगुवा विद्यालयलाई समन्वय, अनुगमन, सहकार्य, सुपरीवेक्षण र अभिलेख व्यवस्थापनको लागि जिम्मेवार वनाइनेछ । यसको लागि आवश्यक वजेटको व्यवस्था मिलाइएको छ, साथै वालविकास केन्द्रमा कार्यरत जनशक्तिको मूल्यांकन गरी प्रोत्साहन गरिनेछ ।
- शिक्षालाई प्रविधिमैत्री, वालमैत्री, वातावरण मैत्री तथा अपांङ्ग मैत्री वनाइनेछ । विद्यालयको सम्पूर्ण पक्षको जानकारी  दिने गरी School Profile तयार गरिनेछ । अभिलेख व्यवस्थापनलाई चुस्त वनाइनेछ ।

- उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक र शिक्षासेवीलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिइएको छ ।
- शिक्षक दरवन्दी मिलान, सरुवा, विद्यालय मर्ज, विद्यार्थी शिक्षक अनुपात तथा विद्यालय कर्मचारीको उचित व्यवस्थापन गरिनेछ ।
- शिक्षक, कर्मचारी, संचालक समितिको क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- विद्यालय तहको कृषि प्राविधिकको विकास गरी TSEE कार्यक्रम प्रवर्द्धन गर्न आवश्यक वजेटको व्यवस्था मिलाइएको छ ।
- तालिम, नवीन प्रविधि, प्रयोग र गुणस्तर मापदण्डलाई निरन्तरता दिइएको छ ।
- SEE परीक्षा केन्द्र पालिकाले तोक्ने व्यवस्था मिलाइनेछ ।

## ४.स्वास्थ्य तथा सरसफाई

- **रोगको पहिचान, स्वास्थ्य अभियान** संचालन गरी घरघरमा स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।
- Ultra Sound, कायो मेशिन र माईक्रोस्कोप  प्रयोग गरी टि.वी., पाठेघर क्यान्सर, मुटु लगायतका रोगको पहिचान वस्ती वस्तिमा गई गरिनेछ ।
- स्वास्थ्य सम्बन्धी सूचनाहरु बारे जानकारी हासिल गर्न स्वास्थ्य सर्वे सञ्चालन गरिनेछ ।
- आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन निकट भविष्यमा पालिकामा Stand by रहने गरी एक एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय वनाउन, स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाईमा औषधि, उपकरण र जनशक्तिको प्रभावकारी व्यवस्था मिलाइनेछ ।
- खाँडादेवी अस्पतालको निर्माण कार्य अघि बढाइनेछ ।

- स्वास्थ्य वीमा अनिवार्य गरी निकट भविश्यमा स्थापना हुने खाँडादेवी अस्पतालबाट विमितहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्थाको प्रारम्भ गरिनेछ ।
- शसर्त अनुदानबाट स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यतालिका वनाई कार्यन्वयन गरिनेछ ।
- वडा स्तरीय स्वास्थ्य चौकी र केन्द्रलाई स्तरोन्नती गर्दै लगिनेछ । तिनमा औषधी, उपकरण र स्वास्थ्य जनशक्तिको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको हरेक वडामा स्वास्थ्य शिविर सञ्चालन गरिनेछन् ।
- एक घर एक चर्पी अनिवार्य रुपमा लागू गरिनेछ ।
- **स्वस्थ जीवन सुखी जीवनको** धारणा साकार पार्न ध्यान तथा योग शिविर संचालन गरिनेछ ।
- सार्वजनिक स्थलमा धुम्रपान र मदिरा सेवन गर्नेलाई दण्डित गरिनेछ ।
- **मदिरा र सूर्तिजन्य पदार्थ मुक्त क्षेत्र** कायम गर्न अभियान संचालन गरिनेछ । यी पदार्थको विक्रि वितरणलाई निश्चित स्थान तोकी व्यवस्थित तुल्याइनेछ ।
- गाउँपालिकाको लागि आवश्यक स्वास्थ्य जनशक्ति डाक्टर, रेडियोलोजिष्ट, स्वास्थ्य प्राविधिकहरुको व्यवस्था गरिनेछ ।
- **पालिका तथा वडास्तरीय सरसफाइ अभियान** संचालन गरी सफा, सुन्दर र सभ्य खाँडादेवीको पहिचान दिने नीति अवलम्बन गरिनेछ ।
- वजार क्षेत्र, चोक तथा सार्वजनिक स्थलहरुमा महिला र पुरुषको छुट्टाछुट्टै शौचालय निर्माण गरिनेछ ।
- फोहोर व्यवस्थापन गर्न निश्चित स्थानमा डष्टविनको व्यवस्था गरिनेछ ।
- पुर्ण खोप, खुला दिशा मुक्त क्षेत्र, तथा पूर्ण सरसफाई सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।
- सर्ने तथा नसर्ने रोग रोकथामको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा तथा किशोरकिशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिरपानी र राकाथुम स्वास्थ्य चौकीमा ल्याव र फार्मेसी सेवा विस्तार गरिने तथा पिंखुरीमा स्वास्थ्य चौकीमा वर्थिङ सेन्टरको स्थापना गरिनेछ ।

## ५. खानेपानी

- सुख्खा ग्रस्त तथा अन्य पानीको अभाव भएको क्षेत्रमा **एक घर एक धारा**को व्यवस्था गरिनेछ ।
- खानेपानी वितरण प्रणाली व्यवस्थित गर्न जनशक्तिको व्यवस्था गरिनेछ ।
- पालिका आसपास कम्तीमा १ लाख लिटर क्षमताको पानी सञ्चय गर्ने भूमिगत ट्याङ्की निर्माण गरी संकलित पानी अभावग्रस्त क्षेत्रमा वितरण गरिनेछ ।
- आकाशे पानी संकलन तथा रिजर्भ ट्याङ्की निर्माणलाई निरन्तरता दिइनेछ । पिउने पानीको शुद्धता परीक्षण गर्ने कार्यलाइ नियमित तुल्याइनेछ ।

## ६. सहकारी

- विगतमा दर्ता भई हाल वन्द रहेका सहकारीहरुको चल अचल सम्पतीको अभिलेख राख्ने, नवीकरण गर्ने, मर्ज गर्ने साथै हरेक वडामा एक सहकारी संस्था स्थापना तथा सञ्चालनमा जोड दिने नीति लिइनेछ ।

- कानून बमोजिम कृषि, वचत तथा ऋण, बहुउद्धेश्यीय, पर्यटन र अन्य सहकारी दर्ता गर्ने प्रकृया अघि बढाइनेछ ।
- सहकारी मार्फत सानो पूँजी संकलन गरी उत्पादनमा जोड दिइनेछ । महिला तथा कृषि सहकारी संस्थालाई अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- वचत तथा ऋण सहकारी संस्थाहरु एकिकृत गरी तीनको अनुगमन, नियमन र सुपरीवेक्षण गरिनेछ ।
- महिला सहकारी तथा अन्य व्यापार व्यवसाय गर्नेलाई उपभोक्ता मार्फत **सुपथ मूल्य पसल** खोल्न प्रोत्साहन गरिनेछ ।
- ९ वटै वडामा कम्तिमा दुई कोठे महिला सहकारी भवनको लागत अनुमान तयार गरी निर्माण कार्य अघि बढाइनेछ ।
- सहकारीको क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

## ७. महिला, वालवालिका अपांङ्ग तथा जेष्ठ नागरिक

- महिलाको उद्यमशिलता, जनचेतना, महिला हिंसा र क्षमता विकास सम्बन्धि तालिम/अभियानहरु सञ्चालन गरिनेछन् ।
- महिला तथा वालवालिका, किशोरकिशोरी माथि हुने यौनजन्य दुर्व्यवहार र वलात्कार गर्ने उपर गाउँपालिका कठोर रुपमा प्रस्तुत हुनेछ ।
- आफ्ना बाबुआमाको रेखदेख, हेरचाह, स्वास्थ्य उपचार गर्ने छोराछोरीको अनिवार्य दायित्व हो भन्ने कुरको बोध गराउन जनचेतना जगाइनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र, अपांङ्ग परिचयपत्र वितरण गरी निजहरुले पाउने सेवा सुविधाको प्रवर्द्धन गरिनेछ ।
- हरेक वडामा अपांङ्ग, एकल महिला, जेष्ठ नागरिकको सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- उभोक्ता समिति मार्फत गरिने विकास निर्माण कार्यमा जेष्ठ नागरिकलाई अनिवार्य रुपमा सल्लाहकारको रुपमा राख्ने व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गरिनेछ ।
- अपाङ्ग माथि दुर्व्यवहार गर्ने उपर दण्डित गरिनेछ । विद्यालय कार्यालय तथा अन्य निकायमा अपाङ्ग मैत्री पूर्वाधार निर्माणलाई अनिवार्य वनाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत समयमा नै प्रदान गर्ने परिपाटी अवलम्वन गरिनेछ । सामाजिक सुरक्षा भत्ता दुरुपयोग गर्ने उपर गाउँपालिका कठोर बन्नेछ ।
- वेसहारा, अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको खोजी गरी अभिभावकको जिम्मा लगाइनेछ । वेवारिसे मानिस तथा मानसिक सन्तुलन गुमाएको व्यक्तिको लगत संकलन गरी अभिलेख राखिनेछ । त्यस्ता व्यक्तिहरुको शारीरिक, मानसिक उपचार तथा स्वास्थ्य जाँच र औषधिको निशुल्क व्यवस्था गाउँपालिकाले मिलाउनेछ ।

## ८.न्यायिक समिति

- न्यायिक समितिसँग संलग्न, जनशक्तिहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- मेलमिलाप कर्ताको प्रोत्साहनमा वृद्धि गरिएको छ ।
- न्यायिक समितिको सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछन् ।

## ९. सूचना प्रविधि तथा संचार

- गाउँपालिकाको प्रत्येक वडामा इन्टरनेटको सुविधा विस्तार गरिनेछ ।

- भौगोलिक र प्राविधिक रुपले इन्टरनेट जडान गर्न नसकिने वडाहरुमा वैकल्पिक व्यवस्था गरिनेछ । प्रत्येक वडामा डिजिटल वोर्डको व्यवस्था गरिनेछ ।
- इन्टरनेटको प्रयोगद्धारा पालिका र वडाहरुको चिठीपत्र, विवरण, तथ्यांक, जानकारी आदान प्रदान गर्ने व्यवस्था मिलाइ इ-गभर्नेन्सको प्रारम्भ गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधि मैत्री वनाउन तालिम संचालन गरिनेछ ।
- ब्रोडवेण्ड इन्टरनेट सेवा र फ्रि वाई फाई जोन निर्माण गरिनेछ ।

## १०.उद्योग, वाण्ज्यि तथा आपूर्ति

- घरेलु, वाणिज्य तथा साना व्यापार दर्ता, संचालन नियमन व्यवस्थाको लागि कानून वनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- हरेक पसलमा मूल्यसूची राख्न लगाइनेछ । वजार अनुगमनलाई प्रभावकारी बनाइनेछ । गुणस्तरहीन, बढी मूल्य लिने र म्याद गुज्रेको सामानको विक्री वितरण गर्ने उपर कानून बमोजिम कारवाही गरिनेछ ।
- चोया, काठ, छाला निर्मित सामाग्री उत्पादन गर्ने व्यक्ति र समूहलाई निश्चित अनुदान दिइनेछ ।
- दलितको परम्परागत व्यवसाय र सीपलाई संरक्षण गरिनेछ ।

## ११. विद्युत तथा उर्जा

- उज्यालो खाँडादेवीलाई पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।
- वैकल्पिक उर्जा, सोलारको प्रयोगलाई प्रोत्साहन गरिनेछ । मुख्य सडक, वजार, चोकमा सडक बत्ति जडान गरिनेछ ।

## १२. वन तथा वातावरण व्यवस्थापन

- **स्वच्छ हरभारा, प्रदुषण मुक्त खाँडादेवी अभियान** सञ्चालन गर्न बाँझो, सुख्खा ग्रस्त, नदी किनार र खस्केको जमीनमा वृक्षारोपण गरिनेछ ।
- सामुदायिक, निजि, कबुलियत वनको अभिलेख खडा गरी वन अतिक्रमण हुन नदिन अनुगमन गरिनेछ ।
- जैविक विविधताको अध्ययन अनुसन्धान गराई प्राणी वनस्पतिहको जानकारी हुने गरी अभिलेख खडा गरिनेछ । लोपोन्मुख प्राणी र वनस्पतिहरुको खोजी गरिनेछ ।
- **एक व्यक्ति एक विरुवा** रोप्ने अभियानलाई अनिवार्य गरी कार्यन्वयनमा ल्याइनेछ ।
- आगलागि, भूकम्प, बाढीपहिरो, चट्याङ, महामारी जस्ता दैवी र मानवीय प्रकोपको उद्धार, राहत, पुनःस्थापनाको लागि विपद व्यवस्थापन कानून निर्माण गरी मौजुदा विपद व्यवस्थापन कोष परिचालन गरिनेछ ।
- विपदका लागि आवश्यक सामाग्रीहरु वेल्चा, गल, पिक, वाल्टिन, घन, डोजर, क्याप, एम्बुलेन्स तथा जनशक्तिलाई तयारी हालतमा राख्ने व्यवस्था मिलाइनेछ ।
- पालिकाको उपयुक्त स्थानमा पार्क तथा उद्यान निर्माण गरिनेछ ।
- नदी किनारका जोखिम युक्त स्थानमा तटबन्ध निर्माण गरिनेछ ।

## १३.आवास, भवन तथा शहरीकरण पूर्वाधार

- गाउँपालिकाबाट प्रत्येक वडाको एक मुख्य सडकको गाउँ यातायात गुरु योजना (MTMP) अन्तर्गत डि.पि.आर. तयार भएका सडकहरुको स्तरोन्नती गरिनेछ ।
- भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गरिनेछ । यसका लागि केन्द्र, प्रदेश, गाउँपालिकाको समपूरक कोषको उपयोग गरिनेछ ।
- पालिकाको भौतिक पूर्वाधारलाई विकास र विस्तार गर्दै लगिनेछ । कार्यालय संचालनका लागि आवश्यक थप भवन, पालिका परिसरको मर्मत सुधार, प्रतिक्षालय निर्माण, क्यान्टिन, टहरा र स्टोर निर्माण गरिनेछ ।

- स्वास्थ्य, कृषि तथा अन्य सार्वजनिक कार्यालयहरुको मर्मत सुधार गरिनेछ ।

## १४. युवा, रोजगार तथा खेलकुद

- प्रधान मन्त्री स्वरोजगार कार्यक्रमलाई युवा मैत्री बनाई वेरोजगार युवाहरुलाई उपयुक्त काम प्रदान गरी रोजगार दिलाइनेछ ।
- वडा स्तरीय, पालिका स्तरीय, तथा जिल्ला स्तरीय खेलकूद आयोजना गरिनेछ ।
- **खाँडादेवी कप** आयोजना गरीनेछ, जसका लागि एक खाँडादेवी कप कोष स्थापना गरिनेछ ।
- अन्तर विद्यालय खेलकुद प्रतिस्पर्धाको आयोजना गरिनेछ ।
- प्रतिभावान खेलाडिहरुको पहिचान गरी उचित सम्मान गरिनेछ ।
- खाँडादेवी खेलमैदान ढिस्केचौरको स्तरोन्नती गरिनेछ ।

## १५. योजना, कार्यक्रम तथा उपभोक्ता समिति

- नीति योजना कार्यक्रम वजेट जर्तुमा गर्दा विषयगत समितिलाई सकृय बनाई समष्टिगत कार्यक्रम तर्जुमा गरिनेछ । यसबाट कार्यक्रमको अपनत्वमा वृद्धि गरिदै लगिनेछ ।
- संघ र प्रदेश सरकारबाट प्राप्त वजेट विषयगत क्षेत्र बमोजिम सन्तुलित रुपमा दक्षतापूर्वक बाँडफाँड गर्ने परिपाटी बसालिनेछ ।
- योजना छनौट गर्दा यथासम्भव आवधिक योजना, प्राथमिकता, संघ र प्रदेशको मार्गदर्शन एवं विगतको अनुभव, वडाको माग र नागरिकहरुको अपेक्षालाई मध्यनजर गरिएको छ ।
- १० लाख भन्दा वढीका योजनाहरुको यथासम्भव डि.पि.आर. तयार गरी सोही आधारमा छनौट एवं कार्यन्वयन गरिनेछ ।

- समपूरक कोषबाट सञ्चानल हुने कार्यक्रमलाई वहुवर्षिय वजेट विनियोजन गर्नै व्यवस्था मिलाइनेछ । यसले केन्द्र र प्रदेशबाट प्राप्त वजेट फिर्ता हुनबाट रोकिनेछ ।
- उपभोक्ता समितिबाट संचालन हुने योजनाको समयतालिका तयार गरी कार्यन्वयन गरिनेछ ।
- योजनाको लागत, इष्टिमेट, सम्झौता र कार्यादेश यथासम्भव प्रथम चौमासिक अवधिमा गरिनेछ ।
- उपभोक्ता समितिबाट संचालन हुने योजनामा डोजर, एक्साभेटर, रोलर जस्ता ठूला मेशिनको प्रयोगलाई निरुत्साहित गरिनेछ । यस्ता हेभि ईक्वीपमेन्ट प्रयोग गर्नु परेमा प्राविधिक सिफारिसको आधारमा गाउँपालिकाले निर्णय गरे बमोजिम गर्नुपर्नेछ ।
- उपभोक्ता समितिको कार्यविधि पूर्ण कार्यान्वयन गरी साधन स्रोतको दुरुपयोग हुनबाट रोक्न प्रभावकारी अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।
- उपभोक्ताहरुबाट श्रमको योगदान भए नभएको एकिन गरिनेछ । योजना फछ्र्यौट गर्दा उपभोक्ताहरुको वास्तविक श्रम योगदान नभएका योजनाहरु फछर्यौट गरिनेछैन ।
- सडकको लागत इष्टिमेट तयार गर्दा यथासम्भव ढल सहितको इष्टिमेट तयार गरिनेछ ।
- वडाहरुमा संचालित योजनारुहको समन्वय, सुपरिवेक्षण, अनुगमनमा पूर्णरुपमा वडालाई जिम्मेवार वनाइनेछ ।
- **गाउँगाउँमा अध्यक्ष कार्यक्रम** तर्जुमा गरी सञ्चालन गरिनेछ ।

## <u>१६. राजश्व तथा वित्त व्यवस्थापन</u>

- विद्यमान कर तथा गैर कर राजश्वको दरमा वृद्धि गरिनेछैन । राजश्व संकलन हुने क्षेत्रको पहिचान गरी दायरा फराकिलो वनाइनेछ ।
- राजश्व संकलनको लक्ष्य र प्रगति निर्धारण गरिनेछ ।
- करदातालाई सम्मान गर्ने परिपाटी वसालिनेछ । कर सहभागिता बढाउन जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- गिट्टी वालुवा ढुङ्गाको पकेट क्षेत्र निर्धारण गरी समयमै बोलपत्र आव्हान गरी आन्तरिक कर संकलन गरिनेछ ।
- कर संकलन कार्य प्रभावकारी बनाउन सूचना प्रविधि मैत्री बनाइनेछ ।
- आन्तरिक स्रोत ढुङ्गा गिट्टी, वालुवा, मालपोत, शुल्क, दस्तुर, कर, दण्ड जरिवाना आदि परिचालनबाट ३ करोड ४१ लाख राजश्व उठाउने अनुमान गरिएको छ ।
- राजश्व संकलनबाट प्राप्त रकमको केही अंश प्राथमिकता साथ प्रभावित क्षेत्रका वासिन्दाको विकास निर्माणमा खर्च गरिनेछ ।
- राजश्व संकलन, कार्यालय व्यवस्थापन, पूर्वाधार विकास, वेरुजुको अवस्था, कार्यविधि अनुसरण, सेवा प्रवाहको प्रभावकारिता जस्ता सूचकहरुको आधारमा उत्कृष्ट वडाको छनौट गरी सम्मान र पुरष्कृत गर्ने परिपाटी बसालिनेछ ।
- वडा समितिको विषयगत कार्य विभाजन गरी सदस्यहरुलाई थप जिम्मेवार बनाइनेछ । सेवा प्रवाह र विकास निर्माणको कार्यको गुणस्तर अनुगमन, समन्वय र सुपरीवेक्षण गर्न तथा उपभोक्ता समितिलाई सहजीकरण गर्ने वडा समितिका सदस्यहरुको मुख्य कर्तव्यलाई प्रभावकारी वनाइनेछ ।

सभाका सभाध्यक्ष महोदय,

अव म आगामि आ.व.०७६/७७ को अनुमानित आय व्यय विवरण पेश गर्न चाहन्छु ।

## १७. सुशासन तथा प्रशासन

- सदाचार संस्कृति निर्माण गर्न पालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका काममा अनिवार्य रुपामा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणलाई गरिनेछ ।
- प्रत्येक वडामा सार्वजनिक सूचना प्रवाह गर्न डिजिटल होर्डिङ वोर्डको व्यवस्था मिलाइनेछ ।
- हरेक विषयगत शाखाको सफ्टवेर प्रयोग गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- आय र व्ययको स्थिति तत्काल जानकारी पाउन सुत्र प्रयोग गरी लेखा प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- ५ लाख सम्मका योजनाहरुको सम्झौता, कार्यादेश, अनुगमन, सिफारिस वडाबाट र सो भन्दा बढी लागत भएका योजनाहरुको सम्झौता, कार्यादेश, सिफारिस पालिकाबाट गर्ने व्यवस्था मिलाइनेछ । सबै प्रकारका योजनाहरुको अनुगमन वडा तथा पालिकाले संयुक्त रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।
- वडा कार्यालयको सञ्चालन तथा व्यवस्थापन गर्न प्रदान गर्दै आएको चालु खर्चलाई निरन्तरता दिइएको छ ।
- पालिका भित्र कार्य गर्न आउने गै.स.स.ले अनुमति लिएर मात्र काम कारबाही अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।
- गै.स.स.हरुको कार्यमा दोहोरोपन आउन नदिन प्रभावकारी र समन्वय र अनुगमन गरिनेछ ।
- जनप्रतिनिधिहरुलाई प्रदान गरिने पोषाक भत्तालाई निरन्तरता दिइनेछ ।
- पालिका केन्द्रमा कार्यरत कर्मचारीहरुलाई उपयुक्त समय मिलाई वर्षमा एक पटक अन्य स्थानीय तह, सरकारी निकायबाट भएका विकास निर्माणको गतिविधि,

सार्वजनिक सेवा प्रवाहको अवस्थाको अनुभव हासिल गर्न ७ (सात) दिनको अवलोकन भ्रमण गर्न एक महिना बरावरको पारिश्रमिक चालू खर्चबाट उपलब्ध गराइनेछ ।

- कानून बमोजिम अन्य व्यवस्था हुने बाहेक यस गाउँपालिका र अन्तर्गत वडाहरुमा कार्यरत करार र अस्थायी कर्मचारीहरुको सेवा अवधि आ.व.०७६/७७ सम्म थप गरिएको छ ।
- कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यदक्षता बढाइनेछ ।
- आगामी दिनमा विद्यालय, स्वास्थ्य, सहकारी संस्था तथा अन्य सरकारी निकायहरुको मूल्यांकन गरी उत्कृष्टलाई सम्मान गर्ने परम्परा बसालिनेछ । यसले वडा तथा कार्यालय/कार्यालय वीच कार्य सम्पादन गर्ने प्रतिस्पर्धा श्रृजना गरी विकासलाई तिव्रता प्रदान गर्नेछ ।

**सभका अध्यक्ष महोदय,**

यस नीति योजना वजेट तथा कार्यक्रमको विस्तृत रुप तयार गरिनेछ । यसलाई परिपूर्ण बनाउन सभाका सदस्यहरुबाट प्रकृयागत रुपमा सहयोग सुझाव प्राप्त हुने नै छ । यो नीति कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन गरी सहयोग गर्नु हुने सर्वसाधारण नागरिक, संघ प्रदेशको मार्गदर्शन, कार्यपालिकाको निर्णय, विषयगत समितिको पृष्ठपोषण, राष्ट्रसेवक कर्मचारीको मेहनत प्रति हार्दिक आभार प्रकट गर्दछु । यो नीति तथा कार्यक्रम र यस अन्तर्गत तर्जुमा हुने योजना कार्यन्वयनमा सबै पक्षको साथ र सहयोग रहने अपेक्षा गरेको छु ।

२०७६ आषाढ १० गते मंगलबार

**जय खाँडादेवी !**